

# Community Connectors

अशक्तता भएका बहुसांस्कृतिक व्यक्तिहरूको लागि सहयोग

उपयुक्त मद्दत पाउनाले मानिसको जीवन परिवर्तन हुन सक्दछ।

## अशक्तता भएका बहुसांस्कृतिक व्यक्तिहरूलाई एनडीआईएस (NDIS) सँग जोड्दै

के तपाईंलाई अशक्तता छ वा तपाईं National Disability Insurance Scheme (NDIS) ले उपलब्ध गर्ने सहयोगबाट लाभान्वित हुनसक्ने कुनै व्यक्तिको हेरचाह गर्नुहुन्छ?

कम्युनिटी कनेक्टर्स् कार्यक्रमले तपाईंलाई एनडीआईएस सँग जोडिनका लागि तपाईंको समुदाय भित्र सांस्कृतिक रूपमा अनुकूल सहयोग प्रदान गर्छ।

### एनडीआईएस (NDIS) के हो?

एनडीआईएस (NDIS) एक नि: शुल्क सरकारी कार्यक्रम हो जसले अशक्तता भएका मानिसहरूलाई सेवा र सहयोग प्रदान गर्दछ।

### एनडीआईएस ले मलाई कसरी मद्दत गर्न सक्छ?

निम्न सहयोग र सेवाहरू उपलब्ध गर्न सक्छ:

- तपाईंको दैनिक व्यक्तिगत कार्यहरूमा मद्दत
- तपाईंलाई सफलतापूर्वक रोजगारी पाउन वा कायम राख्नको लागि रोजगारी मद्दत
- तपाईंको आफ्नो घरमा घरायसी वातावरण कायम राख्न घरेलु कार्यहरूमा मद्दत
- हिँडडुल गर्न मद्दत गर्ने साधन र/ वा उपकरणको खरीद।

### Community Connector भनेको के हो?

Community Connector (कम्युनिटी कनेक्टर) ले सांस्कृतिक एवं भाषिक विविधता भएका र अंग्रेजी नबोल्ने पृष्ठभूमिका मानिसहरूलाई एनडीआईएस को सेवा उपभोग गर्न  सहयोग गर्दछन्।

उनीहरूले तपाईं र एनडीआईएस बीच एक सम्पर्क व्यक्तिको रूपमा रहेर सहयोग गर्दछन्।

तपाईंको Community Connector ले तपाईंलाई निम्न कार्यहरूमा सहयोग गर्न सक्छ:

- एनडीआईएस का लागि आवेदन दिन
- स्थानीय एनडीआईएस सम्पर्कसँग तपाईंको सम्पर्क गराउन
- एनडीआईएस सेवाहरू अझ राम्ररी बुझ्न र प्रयोग गर्नका लागि तपाइँलाई मद्दत गर्न

### तपाईंको स्थानीय Community Connector लाई सम्पर्क गर्नुहोस्:

### दोभाषे पहुँच

यदि तपाईंलाई यस पृष्ठको सामग्री बुझ्न मद्दत चाहिएमा, कृपया टेलिफोन दोभाषे सेवा (TIS) लाई १३१ ४५० मा फोन गर्नुहोस् र उनीहरूलाई माथि उल्लेखित तपाईंको स्थानीय सेवा प्रदायकलाई सम्पर्क गर्न आग्रह गर्नुहोस्।

*National Community Connector कार्यक्रम NDIS Federation of Ethnic Communities' Councils र National Ethnic Disability Alliance बीचको सहकार्य हो। यो National Disability Insurance Agency को अनुदानबाट सञ्चालित छ।*

हेर्नुहोस्: **fecca.org.au** वा **neda.org.au**

FECCA Federation of Ethnic Communities' Councils of Australia

NEDA National Ethnic Disability Alliance

I ♥ ndis